## प्रदेशभित्रको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६

प्रस्तावनाः नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको संरक्षण गर्न, वातावरण र विकासबीच समुचित सन्तुलन कायम गर्न, औद्योगिकरण, जलवायू परिवर्तन लगायतका कारणबाट प्रकृति, वातावरण र जैविक विविवधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश वातावरण संरक्षण ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "अनुकूलन" भन्नाले जलवायु परिवर्तनको संभाव्य असर र जोखिमको आँकलन गरी थप हानी नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) "जलवायु परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय कृयाकलापले वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनु पर्छ।

(ग) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इकोसिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाइभरसिटी) तथा आनुवांशिक विविधता (जेनेटिक डाइभरसिटी) सम्झनुपर्छ ।

(घ)  “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ङ) “नदीजन्य पदार्थ” भन्नाले नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको ढुंगा,  ग्राभेल, वालुवा, गिट्टी, मिस्कट, मिस्कट, गेग्रान, माटो सम्झनु पर्छ ।

(ङ)  “निष्काशन” भन्नाले ध्वनी, ताप वा फोहर मैला फाल्ने, थुपार्ने वा निष्काशन गर्ने कार्य सम्झनुपर्छ ।

(च) “प्रदूषण” भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुर्‍याउने क्रियाकलाप सम्झनुपर्छ ।

(छ) “प्रदेश सरकार” भन्नाले प्रदेश नं ३ को सरकारलाई जनाउँछ ।

(ज) “प्रस्ताव” भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन प्रचलित कानून बमोजिम सञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू–उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनुपर्छ ।

(झ) “प्रस्तावक” भन्नाले आयोजना वा परियोजना वा कार्यक्रमहरूको प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था सम्झनुपर्छ ।

(ञ) “प्रारम्भिक वातावरणीय परीक्षण” भन्नाले कुनै प्रस्ताव कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकीन गर्न तयार गरिने विश्लेषणात्मक अध्ययन तथा मूल्यांकन सम्बन्धी प्रतिवेदन सम्झनुपर्छ ।

(ट) “फोहर मैला” भन्नाले वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्यांस, लेदो, धूवाँ, धूलो, विकिरणयुक्त तत्व वा पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु सम्झनुपर्छ ।

(ठ) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको वातावरण हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ड) “वातावरण” भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनुपर्छ ।

(ढ) "वातावरयीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ।

(ण) “वातावरणीय प्रभाव मूल्यांकन” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकीन गर्न तयार गरिने विस्तृत अध्ययन तथा मूल्यांकन सम्बन्धी प्रतिवेदन सम्झनुपर्छ ।

(त) “सम्पदा” भन्नाले प्रदेशको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्वपूर्ण मानिने वातावरणसंग सम्बन्धित कुनै पनि वस्तु, स्थल, वनस्पति तथा जीव जन्तु सम्झनुपर्छ ।

(थ) "संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गर्ने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ ।

(द) “संरक्षण” भन्नाले वातावरण तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्बर्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनुपर्छ ।

## परिच्छेद–२

## वातावरणीय अध्ययन प्रतिवेदन संबन्धि व्यवस्था

३. **वातावरणीय अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्नेः** (१) प्रस्तावकले कुनै प्रस्ताव वा आयोजना वा परियोजना वा कार्यक्रम सन्चालन गर्नुपूर्व अनुसुची–१ मा उल्लेखित प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण गरी अनुसुची–६ वमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) प्रस्तावकले कुनै प्रस्ताव वा आयोजना वा परियोजना वा कार्यक्रम सन्चालन गर्नुपूर्व अनुसुची–२ मा उल्लेखित प्रस्तावहरुको वातावरणीय प्रभाव मूल्यांकन गरी अनुसुची–८ वमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) प्रस्तावकले कुनै प्रस्ताव वा आयोजना वा परियोजना वा कार्यक्रम सन्चालन गर्नुपूर्व अनुसुची –३ मा उल्लेखित प्रस्तावहरुको संक्षिप्त वातावरणीय अध्ययन गरी अनुसुची–५ वमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(४) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकार वा प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुने गरी तयार गर्नु पर्नेछ।

४. **प्रतिवेदन स्वीकृत गर्नुपर्नेः** (१) यो ऐन प्रारम्भ भएपछि कसैले पनि प्रचलित कानुन वमोजिम वा यस दफा वमोजिम तयार गरिएको वातावरणीय प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव वा आयोजना वा परियोजना वा कार्यक्रम वा प्रस्ताव कार्यान्वयन गर्न गराउन हुँदैन ।

(२) दफा ३ वमोजिम वातावरणीय अध्ययन गरी तयार गरीएको प्रतिवेदन स्वीकृतिका लागि देहायको निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(क) प्रदेशसंग संबन्धित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको हकमा प्रस्तावसंग सम्बन्धित मन्त्रालयको राय सहित मन्त्रालय समक्ष ।

(ख) स्थानीय तहसंग संबन्धित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको हकमा जिल्ला समन्वय समितीको राय सहित मन्त्रालय समक्ष ।

(ग) प्रदेशसंग संबन्धित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा प्रस्तावसंग संबन्धित मन्त्रालय समक्ष ।

(घ) स्थानीय तहसंग संबन्धित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा जिल्ला समन्वय समिती वा स्थानीय कानुनले तोकेको निकाय समक्ष ।

(३) दफा ३ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा प्रतिवेदन स्वीकृत गर्ने निकायले सो उपर आवश्यक जाँचबुझ गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गरी राय सुझाव दिनकोलागि प्रतिवेदन स्वीकृत गर्ने निकायले त्यस्तो प्रस्तावसाँग सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधि तथा आवश्यक्ता अनुसार विषय विज्ञ समेत सहेको समिती गठन गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप वातावरणीय अध्यय गर्नुपर्ने देखिएमा प्रतिवेदन स्वीकृत गर्ने निकायले प्रस्तावकलाई संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न गराउन आदेश दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम दिईएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पर्ने नदेखिएमा प्रतिवेदन स्वीकृत गर्ने निकायले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी प्रस्ताव कार्यान्वयनका लागि स्वीकृती दिनेछ ।

(८) प्रदेश सरकारबाट सञ्चालनहुने आयोजना वा परियोजना वा कार्यक्रमको वातावरणीय अध्ययन सम्बन्धी कार्य प्राथमिकता राखी सम्पन्न गर्नुपर्नेछ ।

(९) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृती सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. **विकल्पको विश्लेषण गर्नुपर्नेः** (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सक्ने विभिन्न विकल्पहरुको विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सक्ने आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवं दीर्घकालीन प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नु पर्ने विधि तथा प्रकृया समेत उल्लेखित गर्नु पर्नेछ ।

६. **क्षेत्र निर्धारण तथा कार्यसूची :** (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व प्रस्तावकले प्रतिवेदन स्वीकृत गर्ने निकायबाट त्यस्तो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षेत्र निर्धारण र कार्यसूची तयार गर्ने तथा स्वीकृत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **वातावरणीय व्यवस्थापन योजना :** (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतीका लागि पेशगर्दा तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गरी संगै पेशगर्नु पर्नेछ ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु मध्ये कुन कुन उपायहरु आयोजना निर्माणको क्रममा र कुन कुन उपायहरु आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो, सो समेत उल्लेखित गर्नु पर्नेछ ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिम वातावरणीय व्यवस्थापन योजनामा उल्लेखित गरेका वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु प्रभावकारी भएको नदेखिएमा मन्त्रालय वा प्रस्ताव स्वीकृत गर्ने निकायले अन्य प्रभावकारी उपाय अवलम्बन गर्न आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरि दिएको निर्देशन कार्यान्वयन गर्दा लाग्ने खर्च प्रस्तावकले व्यहोर्नु पर्नेछ ।

(४) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको लागि स्पष्ट कार्य योजना बनाई सो बमोजिम कार्यान्वयन गर्नु पर्नेछ र सोको प्रगति विवरण आयोजना कार्यान्वयन सुरु भएपछि प्रत्येक छ महिनामा प्रस्ताव स्वीकृत गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ ।

८. **पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्नेः** (१) दफा ४ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाईन वा स्वरुपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नको लागि प्रस्तावकले आयोजनाको विभिन्न अवयवमा परिवर्तन गर्नु परेको कारण तथा त्यसबाट वातावरणमा पर्न सक्ने प्रतिकूल असरका बारेमा विश्लेषण गरी वातावरणीय परिसूचक बमोजिमको तुलनात्मक तालिका र अन्य आवश्यक पुष्याई सहित निवेदन दिनु पर्नेछ ।

तर मन्त्रालयले प्रस्तावकलाई पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन पेश गर्न आदेश दिएकोमा प्रस्तावकले निवेदन दिनु पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा मन्त्रालयल पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन अनुमति दिन सक्नेछ ।

(४) पूरक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्नेः** (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिना भित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदन स्वीकृत गर्ने निकायमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा प्रतिवेदन स्वीकृत गर्ने निकायले आवश्यक अध्ययन गरी वातावरणमा पने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न अपनाईएको उपाय प्रयाप्त भएको नदेखिएमा त्यस्तो प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ।

१०. **प्रस्ताव कार्यान्वयनमा रोक लगाउन सक्नेः** (१) कसैले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा मन्त्रालय वा वातावरण निरीक्षकले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाईएकोमा त्यसरी रोक लगाईएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो बापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा रोक लगाईएको आयोजनाको प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा उपदफा (१) बमोजिम लगाएको रोक मन्त्रालयले फुकुवा गर्न सक्नेछ।

**११. मन्त्रालयले वातावरणीय अध्ययन गर्न सक्नेः** (१) मन्त्रालय आफैंले कुनै क्षेत्र वा स्थानको नक्साङ्कन गरी सो क्षेत्रको वातावरणीय अध्ययन गर्न सक्नेछ ।

(२) मन्त्रालय आफैंले गरेको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको स्वीकृति प्रदेश सरकारबाट हुनेछ ।

## परिच्छेद–३
## प्रदुषण नियन्त्रण संबन्धि व्यवस्था

**१२. प्रदुषण नियन्त्रणः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटेल, रेष्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै कृयाकलापबाट हुने प्रदूषण वा जोखिमपूर्ण फोहर निष्कासन वा उत्सर्जनबाट हुने असर न्यूनीकरण वा निराकरण गर्नको लागि प्रचलित कानुन वमोजिम निर्धारित मापदण्डको अलावा थप मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) कसैले पनि वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने गरी वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुनसक्ने किसिमले प्रदुषण सृजना गर्न वा प्रचलित कानुन वा प्रदेश सरकारबाट निर्धारित मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण तथा फोहरमैला निष्काशन गर्न, गराउन हुँदैंन ।

(३) कुनैपनि सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटेल, रेष्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै कृयाकलापबाट निष्कासन हुने प्रदूषण वा जोखिमपूर्ण फोहर वा अन्य फोहर व्यवस्थापन गर्ने जिम्मा प्रदुषक वा व्यवसायी स्वमंको हुनेछ ।

(४) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा मन्त्रालयले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ र यस्तो प्रदुषण नियन्त्रण वा फोहरमैला व्यवस्थापन गर्दा लाग्ने खर्च संबन्धित प्रदुषकबाट असुलउपर गरिनेछ ।

(५) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा

सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगमा बन्देज लगाउन सक्नेछ ।

(६) सवारी साधन सञ्चालनहुँदा उत्सर्जन हुने फोहरमैला संबन्धित सवारी धनि वा सवारी सञ्चालकलेनै व्यवस्थापन गर्नु पर्नेछ । संबन्धित सवारी धनि वा सवारी सञ्चालकले व्यवस्थापन नगरी जथाभावि फालेमा तोकिए वमोजिम जरिवाना हुनेछ ।

(७) प्रदूषण नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **प्लाष्टिकको व्यवस्थापनः** (१) प्रदेशभित्र प्लाष्टिकजन्य उद्योग दर्ता तथा संचालन गर्न चाहनेले मन्त्रालयबाट पूर्व स्वीकृती लिनुपर्नेछ ।

(२) प्रदेशभित्र संचालनमा रहेका प्लाष्टिकजन्य सामाग्री उत्पादन गर्ने उद्योग तथा प्रदेश बाहिरबाट आयातित प्लाष्टिकजन्य सामाग्री वा प्लाष्टिकजन्य सामाग्रीले प्याकेजिङ्ग गरिएका सामान तथा मालवस्तु बिक्रिगर्ने व्यवसायीले प्लाष्टिक फोहोर व्यवस्थापनका लागि तोकिए वमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम प्राप्त रकमबाट प्रदेश सरकारले तोकिए वमोजिम प्लाष्टिकजन्य सामाग्रीको पुनप्रयोग (रिसाईकिलिङ्ग) गरी सामाग्री उत्पादन गर्ने उद्योगलाई सहुलियत दिन सक्नेछ।

(४) प्रदेशलाई प्लाष्टिक व्यवस्थित प्रदेशको रुपमा विकासगर्न प्रदेश सरकार तथा संबन्धित स्थानीय तहले प्लाष्टिक प्रयोग तथा व्यवस्थापन मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(५) कसैले पनि प्रयोगमा आईसकेपछिको प्लाष्टिक वा प्लाष्टिकजन्य वस्तु जथाभवि फाल्नु हुँदैन ।कसैले जथाभावि फालेमा तोकिए वमोजिम जरिवाना हुनेछ ।

१४. **प्रतिबन्ध लगाउन सक्नेः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुनसक्ने किसिमले प्रदुषण सृजना गर्नसक्ने उद्योग व्यवसाय तथा अन्य सेवा स्थापना तथा संचालन गर्न प्रतिबन्ध लगाउन सक्नेछ ।

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास प्रकारको इन्धनले संचालन हुने खास प्रकार र खास स्वामित्वका सवारी साधन संचालनमा प्रतिबन्ध लगाउन सक्नेछ ।

(३) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास प्रकृतिका प्लाष्टीकजन्य वस्तु वा सामाग्रीको प्रयोगमा प्रतिबन्ध लगाउन सक्नेछ ।

१५. **प्रयोगशालाको स्थापनाः** (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रका लागि प्रदुषण जाँच तथा मापनगर्न प्रदेश सरकारले नेपाल सरकारले स्थापना गरेका प्रयोगशाला वा तोकिए वमोजिका मापदण्ड पुरा गरेका अन्य प्रयोगशाला प्रयोग गर्न वा आँफै प्रयोगशालाको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका स्थापना भएका प्रयोगशालाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वातावरणको संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धमा मन्त्रालय वा सम्बन्धित निकायबाट परीक्षण गर्न अनुरोध गरिएका चिज वा वस्तुलाई प्राथमिकता दिई परीक्षण गर्ने,

(ख) विशेष किसिमको प्रदूषण फैलिएको कारणबाट वातावरणमा गम्भीर असर पर्न गएको देखिएमा मन्त्रालयले तोकिदिएको समयावधि भित्र त्यस्तो प्रदूषण सम्बन्धमा जाँच गरी मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्ने ।

(ग) तोकिए वमोजिमका अन्य काम गर्ने ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिमका प्रयोगशालाबाट जाँच गराएको प्रदूषणको स्तर सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्न सक्नेछ ।

१६. **नमूना संकलन गर्न दिनु पर्नेः** (१) कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन, आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनी, ताप तथा फोहर मैलाको अध्ययन, प्रदुषणको कारणले मरेका जीवजन्तु वा वनस्पतिको नमुना परीक्षण वा विश्लेषण गर्नको लागि सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले मन्त्रालयबाट अधिकार प्राप्त

व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नमूना सङ्कलन, सोको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **जोखिमको व्यवस्थापनः** (१) प्रदेश सरकारले वातावरणीय प्रदुषण तथा जलवायु परिवर्तनबाट हुन सक्ने प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि सरकारी, गैर सरकारी तथा अन्य सार्वजनिक निकाय एवं निजी क्षेत्रबाट कार्यान्वयन गरिने क्षेत्रगत नीति, रणनीति वा कार्ययोजनामा प्रतिकूल असर तथा जोखिम न्यूनीकरणको लागि अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा आवश्यक आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश जारी गर्दा प्रदेश सरकारले प्राथमिकताका क्षेत्र तोक्न सक्नेछ ।

(३) वातावरणीय प्रदुषण तथा जलवायु परिवर्तनबाट हुनसक्ने प्रतिकूल असर तथा जोखिम न्यूनीकरण सम्बन्धमा शहरी तथा ग्रामीण क्षेत्रमा कार्यान्वयन गर्नु पर्ने विषयहरुको प्राथमिकता निर्धारण गर्नको लागि प्रदेश सरकारले आवश्यक मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउन सक्नेछ ।

(४) वातावरणीय प्रदुषण तथा जलवायु परिवर्तनबाट हुनसक्ने प्रतिकूल असर तथा जोखिम न्यूनीकरणका लागि तोकिएका विषयगत क्षेत्रमा आवश्यक पर्ने प्रविधिको विकास गर्न प्रदेश सरकारले आवश्यक नीतिगत एवं प्राविधिक मापदण्ड निर्धारण गर्न सक्नेछ ।

(५) जलवायु परिवतननको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि प्रदेश स्तरमा मन्त्रालयले र स्थानीय स्तरमा स्थानीय तहले अनुकूलन योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको अनुकूलन योजना बनाउँदा जलवायु परिवर्तनको असरबाट बढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१८ः **शहरी विकासमा वातावरणीय मापदण्डः** (१) प्रदेश सरकारले वातावरण संरक्षण, प्रदुषण नियन्त्रण तथा भविष्यमा आईपर्ने वातावरणीय जोखिम न्यूनिकरणका लागि हाल भईरहेका शहर तथा नयाँ विकासहुने शहरलाई समेत लक्षितगरी वातावरणीय मापदण्ड वनाई लागु गर्नेछ ।

(२) उपदफा (१) एक वमोजिमको मापदण्डको पालना गर्नु सो शहरी क्षेत्रमा बसोबास गर्ने व्यक्ति र संबन्धित स्थानीय तहको अनिवार्य दायित्व हुनेछ ।

१९. **आदेश जारी गर्नसक्नेः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षणका दृष्टिले पूर्व सावधानी अपनाउनु पर्ने विषयका सम्बन्धमा आवश्यक आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाई मन्त्रालयले एकलाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

## परिच्छेद–४
## वातावरण निरीक्षक संबन्धि व्यवस्था

२०. **वातावरण निरीक्षकको व्यवस्थाः** (१) प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कामका लागि प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न र वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कामहरु प्रभावकारी रुपले गर्न गराउन मन्त्रालय र अन्तरगतका कार्यालयहरुमा आवश्यक्ता अनुसार वातावरण निरीक्षकहरु रहने छन् ।

(२) उपदफा (१) वमोजिमको कामकालागि मन्त्रालयले मातहतका प्राविधिक अधिकृत कर्मचारीलाई वातावरण निरीक्षकको काम गर्नेगरी तोक्न सक्नेछ ।

(३) उपदफा (१) वमोजिमको कामकालागि स्थानीय तहले आफ्नो कुनै अधिकृत कर्मचारीलाई वातावरण निरीक्षकको काम गर्नेगरी तोक्न सक्नेछ ।

२१. **वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकारः** (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) कुनै ठाउँबाट ध्वनी, धुँवा, ताप वा फोहर मैला निष्काशन गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) प्रस्ताव कार्यान्वयन गर्ने स्वीकृति दिंदा तोकिएका शर्तहरु बमोजिम काम भए नभएको जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्दा देखिएका कुराहरुको प्रतिवेदन मन्त्रालय वा स्थानीय तह वा तोकिएको अधिकारी समक्ष पेश गर्ने ।

(ङ) यस ऐन अन्तरगत पालना गर्नुपर्ने विषय वा शर्तहरु पालना गरे नगरेको अनुगमन तथा निरिक्षण गर्ने ।

(च) तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

(२) निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(३) निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकलाई सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले आवश्यक सहयोग गर्नुका साथै माग गरेको विवरण उपलब्ध गराउनु पर्नेछ ।

(४) बमोजिम वातावरण निरीक्षकले निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा असहयोग गरेमा वा निरिक्षणमा बाधा विरोध उत्पन्न गरेमा वा मागेको विवरण वा जानकारी नदिएमा त्यस्ता व्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले पाँच हजार देखि बीसहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम वातावरण निरीक्षकले गरेको जरिवाना उपर चित्त नबुझ्ने व्यक्तिले देहायको कार्यालयमा उजुरी गर्न सक्नेछ र त्यस्तो उजुरीमा देहायको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

(क) मन्त्रालय र मातहतका कार्यालयको वातावरण निरीक्षकले गरेको निर्णयको हकमा मन्त्रालय ।

(ख) स्थानीय तहको वातावरण निरीक्षकले गरेको निर्णयको हकमा संबन्धित स्थानीय तह ।

२२. **स्थानीय प्रशासनले सहयोग गर्नु पर्नेः** निरीक्षणको सिलसिलामा निरीक्षकले प्रहरीको सहयोग माग गरेमा वा कसैले निरीक्षकलाई बाधा विरोध गरी बल प्रयोग गर्नु पर्ने भएमा स्थानीय प्रशासनले निरीक्षकलाई आवश्यक प्रहरी उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद–५
## वातावरण संरक्षण संबन्धि व्यवस्था

२३. **वातावरण संरक्षण क्षेत्र कायम गर्ने :** (१) प्रदेश सरकारले वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, सौन्दर्यपरक स्थल, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थल वा ऐतिहासिक वा सांस्कृतिक महत्वको स्थललाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ ।

(२) कसैले पनि वातावरण संरक्षण क्षेत्रभित्र देहायका कुनै काम गर्न गराउन हुँदैन ।

(क) प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थितिलाई बिगार्न, नास्न, भत्काउन, हटाउन, छेक्न वा अरु कुनै किसिमले हानी नोक्सानी पुरायाउन,

(ख) कुनै पनि वनस्पति वा रुख काट्न, ढाल्न हटाउन, छेक्न, उखेल्न तथा वनस्पतिलाई हानी नोक्सानी हुने किसिमका काम गर्न,

(ग) जैविक विविधतालाई प्रतिकूल असर पुग्ने किसिमको कुनै काम गर्न,

(घ) कुनैपनि वन्यजन्तुलाई क्षति पुराउन वा मार्न वा वन्यजन्तुको खरिद बिक्री वा व्यापार वा शिकार गर्न

(ङ) ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरू बिगार्न, फेर्न, नास्न, हटाउन, भत्काउन वा त्यस्ता स्थलहरूमा कुनै पोष्टर वा त्यस्तै अन्य कागजात वा चित्रहरू टाँस्न वा अरु कुनै प्रकारले हानी हुने काम गर्न,

(च) कुनै नदी, खोला नाला, झरना, खहरे, पोखरी, कुण्ड, ताल वा पानीको बहाव परिवर्तन गर्न

(छ) कुनै नदी, खोला नाला, झरना, खहरे, पोखरी, कुण्ड, ताल वा पानीको स्रोतमा विद्युतीय धार (करेन्ट) प्रयोग गर्न र वनस्पतिजन्य वा अन्य कुनै किसिमको हानिकारक रसायन पदार्थ प्रयोग गर्न

(ज) कुनै नदी, खोला, नाला, झरना, खहरे, पोखरी, कुण्ड, तालबाट नदीजन्य पदार्थ उत्खनन वा संकलन गर्न

(झ) खानी खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, माटो, कङ्क्रिट वा अन्य पदार्थ हटाउन,

(ञ) भू-स्खलन वा भू-क्षयहुने कुनै काम गर्न गराउन

(झ) होटल, लज, सार्वजनिक यातायात वा अन्य यस्तै किसिमका सेवाहरू सञ्चालन गर्न,

(ट) जोखिमपूर्ण फोहर निस्कने वा वातावरणमा प्रदुषण गराउने खालका कुनै उद्योग धन्दा सञ्चालन गर्न

(ठ) वातावरण संरक्षण क्षेत्रमा लगाइएको तारबार, चिन्ह, संकेत वा अन्य कुनै चिजवस्तुहरूलाई हानी नोक्सानी पुराउन ।

(ड) मन्त्रालयबाट अधिकार प्राप्त अधिकारीको स्वीकृति बेगर वातावरण संरक्षण क्षेत्रमा प्रवेश गर्न,

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएका भए तापनि वातावरण संरक्षण क्षेत्रको संरक्षण व्यवस्थापन तथा विकासको लागि मन्त्रालयले स्वीकृति दिएका कुनै कार्यहरू गर्न सो उपनियममा लेखिएको कुनै कुराले बाधा पुराएको मानिने छैन ।

२४. **नदी संरक्षण सम्बन्धी व्यवस्थाः** (१) कसैले पनि नदीको वहाव परिवर्तन वा भू-स्खलन वा अत्यधिक गहिराई वा अत्यधिक दोहन हुनेगरी नदीजन्य पदार्थ उत्खनन वा संकलन गर्न गराउन हुँदैन ।

(२) नदीजन्य पदार्थको अत्यधिक दोहनरोक्न र अत्यधिक दोहनबाट वातावरणमा पर्नसक्ने सम्भावित जोखिम न्यूनिकरणका लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै नदीको केही भाग वा संपूर्ण भागगबाट निश्चित अवधिभरी नदीजन्य पदार्थ संकलन गर्न नपाउने गरी रोक लगाउन सक्नेछ र यस्तो सुचनाको म्याद थपघट गर्न समेत सक्नेछ।

(३) उपदफा (२) वमोजिम रोक लगाएको नदीमा नदीजन्य पदार्थ बिक्रि वितरणगर्न कसैले ठेक्का लगाएमा त्यस्तो ठेक्का स्वतः रद्द हुनेछ ।

२५. **संरक्षण सम्बन्धी अन्य व्यवस्थाः** (१) प्रदेश सरकारले कुनै सडक, भवन, नदी व्यवस्थापन, शहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा सम्बन्धित सरोकारवाला निकायसँगको समन्वयमा कुनै क्षेत्र विशेषलाई खुला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिम कायम गरिएको खुला वा हरियाली क्षेत्रभित्र त्यस्तो क्षेत्रलाई हानि नोक्सानी हुने कुनै पनि काम गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(३) प्रदेश सरकारले कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भूःस्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा सम्बन्धित स्थानीय तहको परामर्शमा त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय सन्तुलन, व्यवस्थापन वा वातावरणीय पुर्नस्थापनाको लागि कुनै उपयुक्त आदेश दिन वा योजना बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(४) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै हानिकारक वा जोखिमयुक्त पदार्थ वा फोहरमैला भण्डारण वा विसर्जन गरिएको स्थान वा अन्य कारणले अत्यधिक वातावरण प्रदूषण भएको स्थानलाई प्रदूषणजन्य क्षेत्र तोकी सर्वसाधारणको आवत जावतमा रोक लगाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमका क्षेत्रको जोखिम घटाउन सुझाएका सुझावहरु कार्यान्वयन गर्नु र सार्वजनिक सुरक्षाको प्रबन्ध मिलाउन स्थानीय सरकारको समेत दायित्व रहनेछ ।

(६) उपदफा (४) बमोजिमको स्थानमा वातावरणीय दृष्टिले सुधार भई त्यस्तो क्षेत्रलाई संवेनदशील क्षेत्र वा प्रदुषणजन्य क्षेत्रको रुपमा कायम राखीराख्न आवश्यक नभएमा प्रदेश सरकारले त्यस्तो स्थानलाई संवेदनशील क्षेत्र वा प्रदुषणजन्य क्षेत्रको सुचीबाट हटाउन सक्नेछ ।

२६. **सम्पदाको संरक्षणः** (१) प्रदेशभित्र रहेका सम्पदाको संरक्षण गर्नु प्रदेश सरकार र सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ ।

(२) सम्बन्धित स्थानीय तहले आफ्नो स्थानीय तहभित्र रहेका विश्व सम्पदा सूचीमा परेका लगायत सबै सम्पदाको पञ्जिका तथा विवरण तयार गरि अभिलेख राख्नु पर्नेछ र सो को एकप्रति प्रदेश सरकारमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको पञ्जिका तथा विवरणमा समावेश सम्पदालाई प्रदेश सरकारले राजपत्रमा सुचना प्रकाशित गरी विशेक्ष सम्पदा घोषणा गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको पञ्जिका तथा विवरणमा समावेश भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदि सम्पदाहरुको संरक्षण तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–६
## जरिवाना र क्षतिपूर्ति संबन्धि व्यवस्था

२७. **जरिबानाः** (१) कसैले वातावरणीय अध्ययन नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुनेगरी कुनै प्रस्ताव वा योजना कार्यान्वयन गरेमा मन्त्रालयले त्यस्तो कार्य तुरुन्त रोकी देहाय वमोजिमको जरिवाना गर्नेछ र वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा

प्रतिवेदन स्वीकृत गराउन र प्रतिवेदन विपरीतको कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ ।

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पाँचलाख रुपैयाँसम्म जरिवाना,

(ख) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा दशलाख रुपैयाँसम्म जरिवाना,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पचासलाख रुपैयाँ सम्म जरिवाना,

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको दिएको आदेश बमोजिमको कार्य नभएमा उपदफा (१) बमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना गरी आदेश पालना नगर्दासम्म प्रस्ताव वा योजना कार्यान्वयनमा रोक लगाउनेछ ।

(३) उपदफा उपदफा (१) र (२) वमोजिको जरिवाना गर्नका लागि मन्त्रालय वा अन्तरगतको कार्यालयको वातावरण निरिक्षकले मन्त्रालयमा र स्थानीय तह अन्तरगतको वातावरण निरिक्षकले स्थानीय तहको कार्यपालिकाको सिफारिशसाथ मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (१) मा उल्लेखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा मन्त्रालय वा स्थानीय तहले त्यस्तो कार्यगर्न बन्देज लगाई, तीनलाख रुपैयाँसम्म जरिबाना गरी, दुई महिनाभित्र यो ऐन र यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ।

(५) उपदफा (४) वमोजिम दिएको आदेश बमोजिम कार्य नगरेमा उपदफा (४) बमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना गरी यो ऐन र यस ऐन बमोजिम बनेको

नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको पालना नगर्दा सम्म मन्त्रालयले वा स्थानीय उद्योग वा व्यवसाय वा अन्य सेवा संचालनमा रोक लगाउनेछ।

(६) कसैले मन्त्रालयको स्वीकृति विना दफा २३ को उपदफा (२) वमोजिमको काम गरेमा मन्त्रालयले तीनलाख रुपैयाँसम्म जरिबाना गरी प्रचलित कानुन वमोजिम कारवाहीका लागि सम्वन्धित निकायमा लेखि पठाउनेछ ।

(७) उपदफा (६) वमोजिम गरेको जरिवानाले प्रचलित कानुन वमोजिम कारवाही हुन बाधा पुराएको मानिने छैन ।

(८) कसैले दफा २४ को उपदफा (१) वमोजिमको कामगरेमा सम्बन्धित जिल्ला समन्वय समितिले दुईलाख रुपैयाँसम्म जरीवानान गर्न सक्नेछ र उत्खनन वा संकलन वा ढुवानीमा प्रयोग भएको मेशिनरी औजार वा सवारी साधन जफतगर्न वा सो जफत नगरी पचासहजार रुपैयाँ देखि पाँचलाख रुपैयाँसम्म थप जरिवाना गर्न सक्नेछ ।

(९) कसैले दफा २४ को उपदफा (२) वमोजिम संकलनमा रोक लगाएको नदीबाट नदीजन्य पदार्थ संकलनको कामगरेमा उपदफा (८) वमोजिको जरीवानामा थप पाँचलाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

२८. **पुनरावेदनः** यस ऐन बमोजिम मन्त्रालय वा स्थानीय तहले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

२९. **क्षतिपूर्ति भराईदिनेः** (१) कसैले प्रचलित ऐन, कानून वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत प्रदूषण, ध्वनी, ताप वा हानिकारक फोहरमैला उत्सर्जन वा निष्काशन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानि नोक्सानी पुग्न गएमा त्यस्तो कामबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत प्रचलित कानुन वमोजिम क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (५) बमोजिमको निवेदन उपर जाँचबुझ गरी क्षतिपूर्ति भराईदिने संबन्धि व्यवस्था प्रचलित कानुन वमोजिम हुनेछ ।

## परिच्छेद–७
## विविध

**३०. प्रदुषण शुल्क लाग्नेः** वातावरणमा प्रदुषण फैलाउने किसिमका वस्तुको उत्पादन तथा व्यापार व्यवसाय गर्नेले प्रदेश सरकारले प्रदेश राजपत्रमा सुचना प्रकाशित गरी तोकिदिए वमोजिमको प्रदुषण नियन्त्रण शुल्क तिर्नु पर्नेछ ।

**३१. वातावरण संरक्षण विज्ञ समूह गठन गर्न सक्नेः** वातावरण संरक्षण सम्बन्धी विषयमा प्रदेश सरकारलाई नीतिगत मार्गदर्शन र राय सल्लाह दिन तथा विभिन्न निकायहरुबीच समन्वय समेत गर्नको लागि प्रदेश सरकारले वातावरण सम्बन्धी विशेषज्ञ तथा प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलका प्रतिनीधीहरुको समेत प्रतिनिधित्व रहने गरी प्रदेश वातावरण संरक्षण विज्ञ समूहको गठन गर्न सक्नेछ ।

**३२. सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेः** वातावरण संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रकृयालाई प्रोत्साहित गर्न प्रदेश सरकारले खास सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

**३३. अधिकार प्रत्यायोजनः** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार प्रदेश सरकारको कुनै निकाय, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३४. नियम बनाउने अधिकारः** प्रदेश सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

**३५. निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारः** (१) प्रदेश सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) स्थानीय तहले यस ऐनको कार्यान्वयनको लागि आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ ।

**३६. प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा लेखिएको कुरामा यसै बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची — १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावहरु

१. प्रचलित संघिय वातावरण संरक्षण ऐनले प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने भनि तोकेका प्रस्तावहरु

२. ५ हेक्टर भन्दा कम वनक्षेत्र प्रयोग गरी संचालन हुने आयोजना वा प्रस्ताव

३. दाना उद्योग

## अनुसूची — २

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावहरु

१. प्रचलित संघिय वातावरण संरक्षण ऐनले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने भनि तोकेका प्रस्तावहरु

## अनुसूची — ३

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

संक्षिप्त वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावहरु

१. अनुसुचि—१ र अनुसुचि—२ मा नपरेका वातावरणमा उल्लेख्य प्रभाव पार्ने प्रस्तावहरु

२. प्रचलित संघिय वातावरण संरक्षण ऐनले संक्षिप्त वातावरणीय परीक्षण गर्नु पर्ने भनि तोकेका प्रस्तावहरु

अनुसूची— ४

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

संक्षिप्त वातावरणीय परीक्षण र प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना ः

२. प्रस्तावको, –

(क) सामान्य परिचय

(ख) प्रस्तावको सान्दर्भिकता

३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि

४. प्रतिवेदन तयार गर्दा विचार गर्न पर्ने नीति, ऐन, नियम तथा निर्देशिकाहरू

५. प्रतिवेदन तयार गर्दा लाग्ने—

(क) समय

(ख) अनुमानित बजेट

७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव—

(क) सामाजिक—आर्थिक

(ख) साँस्कृतिक—भौतिक

(ग) रसायनिक

(घ) जैविक

८. प्रस्ताव कार्यान्वयनका विकल्पहरू—

(क) डिजाइन

(ख) आयोजना स्थल

(ग) प्रविधि र सञ्चालन विधि, समय तालीका, प्रयोग हुने कच्चा पदार्थ

(घ) अन्य कुराहरू

९. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका कुराहरू

१०. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू

११. अन्य आवश्यक कुराहरू ।

अनुसूची– ५

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

संक्षिप्त वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना

२. प्रस्तावको सामान्य परिचय

३. प्रस्तावको कार्यान्वयन गर्ने निकाय र कार्यान्वयन अवधि

४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव–

(क) सामाजिक–आर्थिक

(ख) साँस्कृतिक–भौतिक

(ग) रसायनिक

(घ) जैविक

५. प्रस्ताव कार्यान्वयनका विकल्पहरू–

६. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका कुराहरू

७. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू

८. अन्य आवश्यक कुराहरू ।

### अनुसूची— ६

### (दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

### प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

२. प्रस्तावको सारांशः (प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुराहरू संक्षेपमा उल्लेख गर्ने)

(क) प्रस्तावको उद्देश्य,

(ख) भू—उपयोगमा पर्ने असर,

(ग) वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याकोचाप,

(घ) स्थानीय चिज वस्तुमा हुने क्षति,

(ङ) अन्य आवश्यक कुराहरू ।

३. प्रस्तावको सम्बन्धमा देहायका कुरा स्पष्ट खुलाउनु पर्नेः—

(क) प्रस्तावको किसिम

(१) प्रशोधन गर्ने

(२) उत्पादन गर्ने

(३) जडान गर्ने

(४) सर्भिस डेलिभरी

(५) अन्य

(ख) डेलिभरी गर्ने भए के कस्तो वस्तु डेलिभरी गर्ने

(ग) प्रस्तावको—

(१) जडान क्षमता

(२) प्रतिदिन वा वर्ष कति घण्टा सञ्चालन हुने

(घ) प्रयोग गरिने सामाग्री (परिमाण र वर्ष उल्लेख गर्ने)

(ङ) प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुने (कति समय सञ्चालन हुँदा कति परिमाणमा निष्कासन हुने हो) खुलाउनु पर्ने ।

(१) ठोस (२) तरल

(३) हावा (४) ग्यास

(५) ध्वनि (६) धूलो

(७) अन्य

(च) प्रयोग हुने ऊर्जाकोः—

(१) किसिम

(२) स्रोत

(३) खपत हुने परिमाण (प्रतिघण्टा, दिन र वर्षमा)

(छ) जनशक्तिको आवश्यकता कति पर्ने

(ज) प्रस्ताव कार्यान्वयन गर्न आवश्यक पर्ने

(१) कुल पूँजी

(२) चालु पूँजी

(३) जमिनको क्षेत्रफल

(४) भवन र तिनका किसिम

(५) मेसिनरी औजार

(६) अन्य

(झ)प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरणः

(१) नक्सा

(२) सो क्षेत्र र वरिपरिको जनसंख्या र बसोबासको स्थिति

(३) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आसपासमा कुनै संवेदनशील चिज वा वस्तु रहेको भए त्यस्ता चिज वस्तुको विवरण

(४) हालको स्थिति

(५) पानीको स्रोत

(६) फोहोरमैला फ्याँक्ने वा प्रशोधन गर्ने व्यवस्था

(७) प्रस्ताव कार्यान्वयन हुने ठाउँमा आवात जावत गर्ने बाटो

(ञ) उत्पादन प्रक्रिया

(ट) प्रविधिको विवरण

(ठ) अन्य आवश्यक कुराहरू

४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरू—

(क) सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने प्रभाव

(१) मानव स्वास्थ्यमा पर्ने प्रभाव

(२) खेती योग्य जमिनको क्षय

(३) वन जंगलको क्षय

(४) सामाजिक, साँस्कृतिक र धार्मिक मूल्य मान्यतामा हुने परिवर्तन

(५) अन्य

(ख) जैविक प्रभावहरू

(१) जनसंख्या

(२) वनस्पति तथा जीवजन्तु

(३) प्राकृतिक वासस्थान र समुदाय

(ग) भौतिक प्रभावहरू

(१) जमिन

(२) वायुमण्डल

(३) पानी

(४) ध्वनि

(५) मानव निर्मित वस्तुहरू

(६) अन्य

५. प्रभाव कार्यान्वयनका विकल्पहरू—

(१) डिजाइन

(२) आयोजना स्थल

(३) प्रक्रिया, समय—तालिका

(४) प्रयोग हुने कच्चा पदार्थ

(५) अन्य कुराहरू

६. प्रस्तावको कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावलाई कम वा रोकथाम गर्ने उपायहरू

७. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू

८. अन्य आवश्यक कुराहरू

द्रष्टव्यः— प्रतिवेदन तयार गर्दा आवश्यकतानुसार तथ्यांक, नक्सा, चित्र, तालीका, चार्ट, ग्राफ आदि संलग्न गर्नु पर्ने छ ।

## अनुसूची—७

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

### वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूची

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

२. प्रस्तावको सामान्य परिचय

३. प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्यांक र तथ्यांकहरू संकलन विधि

४. प्रतिवेदन तयार गर्दा विचार गर्नुपर्ने नीति, ऐन, नियम र निर्देशिकाहरू,

५. प्रतिवेदन तयार गर्दा लाग्ने, –

(क) समय (ख) अनुमानित खर्च

(ग) आवश्यक पर्ने विशेषज्ञ

६. प्रतिवेदन तयार गर्नको लागि निर्धारण गरिएको क्षेत्र

७. प्रतिवेदन कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरू—

(क) सामाजिक—आर्थिक (ख) साँस्कृतिक—भौतिक

(ग) रसायनिक (घ) जैविक

८. प्रस्ताव कार्यान्वयनका अन्य विकल्पहरू—

(क) डिजाइन

(ख) आयोजना स्थल

(ग) प्रविधि र सञ्चालन विधि, समय तालीका, प्रयोग हुने कच्चा पदार्थ

(घ) वातावरण व्यवस्थापन प्रणाली

(ङ) प्रस्ताव कार्यान्वयन गर्दा उत्पन्न हुने जोखिम स्वीकार गर्न सकिने वा नसकिने

(च) अन्य कुराहरू

९. प्रस्ताव कार्यान्वयन गर्दा देखिने नकारात्मक प्रभावहरू हटाउने उपायहरू

१०. प्रस्तावको लागत प्रतिफलको विवरण

११. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू

१२. प्रतिवेदन तयार गर्दा उल्लेख गर्नु पर्ने सान्दर्भिक सूचना, सन्दर्भ सूची, परिशिष्ट, नक्सा, फोटो चित्र, तालीका, चार्ट, ग्राफ र प्रश्नावलीहरू

## अनुसूची— ८

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

२. प्रस्तावको सारांशः (प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुराहरू उल्लेख गर्ने)

(क) प्रस्तावको उद्देश्य,

(ख) भू—उपयोगमा पर्ने असर,

(ग) वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याको चाप,

(घ) स्थानीय चिज वस्तुमा हुने क्षति,

(ङ) अन्य आवश्यक कुराहरू ।

३. प्रतिवेदनको सारांशः वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदनमा उल्लेख भएका कुराहरूको संक्षिप्त विवरण ।

४. प्रस्तावको विवरणः

(क) प्रस्तावको प्रविधिक, भौगोलिक, वातावरणीय, आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पक्ष उल्लेख गर्ने ।

(ख) प्रस्तावको कार्यान्वयनको प्रत्येक चरणमा गरिने कार्यहरूको उद्देश्य, कार्यनीति तथा कार्यतालीका उल्लेख गर्ने ।

५. प्रस्तावको आधारभूत जानकारीः प्रस्तावको प्रकृति अनुसार मूल्याङ्कन गरिने क्षेत्रको भू—भौतिक, साँस्कृतिक, जैविक तथा सामाजिक, आर्थिक परिस्थितिका साथै प्रस्ताव सञ्चालन हुनु भन्दा पहिला हुन सक्ने कुनै परिवर्तनका बारेमा आधारभूत जानकारी उल्लेख गर्ने । उपलब्ध हुन नसक्ने कुनै तथ्यांक तथा अध्ययनले समेट्न नसक्ने विषय वस्तुहरू भए सो पनि उल्लेख गर्ने ।

६. वातावरणीय प्रभावको पहिचानः प्रस्ताव कार्यान्वयन गर्दा वातावरणको देहायका क्षेत्रमा पर्न सक्ने अनुकूल तथा प्रतिकूल प्रभावहरूको उल्लेख गर्ने तथा सम्भव भएसम्म समय र कार्यतालीका अनुसार सम्भावित प्रभावहरूको अनुमान गर्ने र परिमाण तोक्नेः—

(क) प्रस्तावको कार्यान्वयनबाट लाभदायी वा प्रतिकूल प्रभाव पर्ने समय र भौगोलिक क्षेत्र ।

(ख) प्रस्तावको कार्यान्वयनबाट निष्काशन हुने फोहोरमैला र प्रदूषणका प्रभावहरू ।

(ग) प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रत्यक्ष, अप्रत्यक्ष र समग्र (कुमुलेटीभ) प्रभावहरू ।

७. प्रस्तावको विकल्प विश्लेषणः देहायको विषयमा विश्लेषण गर्नु पर्ने छ ।

(क) प्रस्तावको डिजाइन, आयोजना स्थल, प्रविधि र सञ्चालन विधि, समय तालिका, प्रयोग हुने कच्चा पदार्थ आदिको विषयमा ।

(ख) प्रस्ताव कार्यान्वयन गर्दा आवश्यक पर्ने स्थिर पूँजी र चालू पूँजी, स्थानीय अनुकूलता, संस्थागत तालिम र सुपरिवेक्षणको आवश्यकताहरूका आधारमा तुलना गर्ने र सम्भव भएसम्म प्रत्येक वैकल्पिक उपायको वातावरणीय लागत प्रतिफल तथा आर्थिक महत्वको बारेमा ।

(ग) प्रस्ताव कार्यान्वयन गर्दा पर्ने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन प्रतिकूल असरहरू ।

(घ) प्रस्ताव कार्यान्वयन गर्दा प्रयोग हुने ऊर्जा र त्यस्तो ऊर्जा बचत गर्न अपनाइने उपायहरू ।

(ङ) प्रस्ताव कार्यान्वयन नगरेमा हुन सक्ने परिणामको विश्लेषण ।

८. वातावरणीय प्रभाव कम गर्ने उपायहरूः

(क) वातावरणमा प्रतिकूल प्रभाव पार्न सक्ने सबै क्रियाकलापहरूको लागि अपनाउनु पर्ने व्यावहारिक सुरक्षात्मक उपायहरू उल्लेख गर्ने ।

(ख) सुरक्षात्मक उपायहरूद्वारा वातावरणमा पर्ने प्रभाव पूर्ण रूपमा हटाउन नसकिने भएमा क्षतिपूर्तिका सम्बन्धमा उल्लेख गर्ने । अन्य सम्भावित विकल्पहरूसँग तुलना गरी सुरक्षाका उपायहरू खर्चका दृष्टिकोणबाट कतिको प्रभावकारी छन्भन्ने कुराका विश्लेषण गर्ने ।

(ग) अन्य सम्भावित विकल्पहरूसँग तुलना गरी सुरक्षाका उपायहरू खर्चका दृष्टिकोणबाट कतिको प्रभाव परेका छन्भन्ने कुरामा विश्लेषण गर्ने ।

९. वातावरणीय व्यवस्थापन योजनाका सम्बन्धमा उल्लेख गर्ने ।

१०. नीतिगत तथा कानुनी व्यवस्थाको समीक्षा ः प्रस्तावको प्रकृति र स्तरका आधारमा सम्बन्धित नीति तथा ऐन नियमहरूको समीक्षा गर्ने । कुनै नीति तथा कानुनी व्यवस्थामा सुधार गर्नु पर्ने भए सो उल्लेख गर्ने ।

११. प्रस्तावको अनुगमन ः प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावका सम्बन्धमा गरिने अनुगमनको तरिका, अनुगमन गर्ने निकाय र समय—तालिका, अनुगमन तथा मूल्याङ्कनका सूचक आदि उल्लेख गर्ने ।

१२. वातावरणीय परीक्षणको ढाँचा तथा त्यसको सार्थकताका बारेमा उल्लेख गर्ने ।

१३. सन्दर्भ सामग्रीहरूः प्रतिवेदन तयार गर्दा उद्धृत गरिएका सन्दर्भहरूको प्रकाशन सम्बन्धी सूची निम्नलिखत आधारमा बनाउनेः—

(क) लेखक,

(ख) प्रकाशित भएको मिति,

(ग) उद्धृत गरिएका सामग्रीको शीर्षक,

(घ) उद्धृत गरिएका प्रकाशन वा पत्रिकाको नाम,

(ङ) वर्ष, खण्ड, अंक आदि (भएको खण्डमा),

(च) पृष्ठ

१४. परिशिष्टका देहायका कुराहरू समावेश गर्नेः

(क) भू—बनोट, भौगोलिक स्थिति, भू—उपयोग, भू—क्षमता र अध्ययनसँग सम्बन्धित नक्साहरू,

(ख) सम्भव भएसम्म प्रस्ताव कार्यान्वयन स्थल तथा त्यस वरिपरिका क्षेत्रहरूको हवाई फोटोहरू,

(ग) स्थलगत अनुसन्धानका लागि प्रयोग गरिएका प्रश्नावली वा विषयवस्तुको सूची,

(घ) चार्ट तथा चित्रहरू जस्ता वातावरणीय प्रभाव मूल्याङ्कनसँग सम्बन्धित कुराहरू,

(ङ) जलवायु तथा हावापानी सम्बन्धी तथ्यांक (समयको आधारमा क्रमबद्ध गरी),

(च) प्रस्ताव कार्यान्वयन स्थलका वनस्पति तथा जीवजन्तुको तथ्यांक,

(छ) भौगर्भिक तथा जोखिम मूल्याङ्कन तथ्यांक (प्राप्त गर्न सकिने भएमा),

(ज) उपलब्ध हुन सक्ने भएमा आयोजना सञ्चालन गर्नु अघि र पछिका हावा र पानीको गुणस्तर तथा ध्वनीको स्तर सम्बन्धी जानकारी,

(झ)वातावरण प्रभाव मूल्याङ्कनसँग सान्दर्भिक म्याट्रिक्स वा क्रमबद्ध रेखाचित्र,

(ञ) नक्शा, स्लाइड, रेकर्डहरू तथा भिडियो फिल्म जस्ता सहायक श्रव्य दृश्य सामग्री,

(ट) बाली लगाउने तरिका, पशुपालन, माटोको गुण, रासायनिक मल प्रयोग गर्ने मात्रा सम्बन्धी तथ्यांक,

(ठ) अध्ययन प्रतिवेदन तयार गर्दा प्रयोग गरिएका लिखित सामग्रीहरूको सन्दर्भ सूची,

(ड) आमन्त्रित व्यक्तिहरू तथा सहभागीहरूको सूची तथा सम्बन्धित संस्थाहरू बीचको छलफल, भेला र बैठकको रेकर्डहरू तथा छलफल र अनुगमनको छोटो जानकारी,

(ढ) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको तयारीमा संलग्न अध्ययन टोलीको व्यक्ति तथा
संस्थाहरूको नामावली,

(ण) अध्ययनको क्रममा सम्पर्क गरिएका व्यक्ति तथा संस्थाहरूको नाम, ठेगाना र टेलिफोन नम्बर ।